# इन्द्रेणी इ-बुलेटिन

समाज परिवर्तनको संवाहक

इ-बुलेटिन मासिक | अंक २ | वर्ष १ | महिना: असोज २०७२

**संरक्षक**
रुद्र मथ्राङ्गी

**सम्पादक**
दशरथ अस्लामी

**सम्पादन सहयोगी**
राम बहादुर पाटा
यम राना
नवराज शर्मा
गोपाल खराल
निर्मला दर्लामि

**सम्पर्कको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन ०७५५२००९१
इमेल: iskpalpa@yahoo.com
वेवसाइट: www.isknepal.org.np
फेसबुक: www.facebook.com/Indreni-Samaj-Kendra-ISK-Nepal

## समाचार संक्षेप

- तानसेन र रामपुरमा तीजको दर खाने कार्यक्रम सम्पन्न ।
- गल्धा र मित्यालको १५ समूहमा तरकारीको बीउ वितरण सम्पन्न।
- मित्याल गाविसको ६ सय ६५ घरपरिवारलाई घाँस वितरण सम्पन्न ।
- ताहुँ प्राथमिक स्वास्थ्य केन्द्रमा योजनावद्ध समूह छलफल सम्पन्न ।
- मित्यालको उपहार समूहमा पशुसुधार तालिम संचालन ।




## गल्धा र मित्यालमा तरकारीको बीउ वितरण

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा हेफर इन्टरनेशनलको सहयोगमा संचालित साना किसान सवलिकरण परियोजना अन्तर्गत हालसम्म १५ ओटा समूहलाई तरकारीको बीउ वितरण कार्यक्रम सम्पन्न गरिएको छ । पुर्वी पाल्पाको गल्धा र मित्याल गाउँ विकास समितिमा सो विउ वितरण गएिएको हो । विभिन्न तरकारी मध्ये काउली, बन्दा, टमाटर, मूला, साग र धनियाँको बीउ वितरण गएिएको परियोजनाका प्राविधिक बासुदेव पंगेनीले जानकारी गराउनुभयो ।

बीउ वितरण संगै बीउ उमार्न तथा हुर्काउनका लागी आवश्यक प्लाष्टिक टनेल र नर्सरी बनाउन पनि सिकाइएको थियो । बीउ तथा तालिम पाएपछि गल्धा र मित्यालका महिलाहरु निकै खुशी भएका छन् । यस संगै त्यस क्षेत्रका कृषकहरुले तरकारी उत्पादन र बिक्रीबाट आम्दानी समेत गर्न थालेका छन् । परियोजनाले उक्त २ गाबिस हरुमा बोका तथा बाख्रा वितरण समेत गर्दै आएको छ ।

हाल ति गाउँ विकास समितिहरुमा ४० उपहार समूह गठन भई तरकारीको बीउ, घाँसको बीउ पनि वितरण भइरहेको परियोजना संयोजक राम बहादुर पाटाले जानकारी दिनुभयो । तरकारीको बीउ वितरण आगामी बर्ष सम्ममा ४० ओटै समूहमा वितरण गरिने योजना रहेको छ ।

**अरुको सेवामा आफुलाई समर्पित गर । -नेपाली गुगल व्वोइ आदित्य दाहाल**

विश्वास
गुणस्तरीय सेवा

**समयमै आफ्नो एचआइभी परिक्षण गराई ढुक्क हुनुहोस् ।**
**-इन्द्रेणी समाज केन्द्र, नेपाल**





मनोहर राना
न्यु होराइजन स्कुल, तानसेन

बहादुर त्यो होइन जो डराउँदैन, बहादुर त्यो हो जो डरका बाबजुत पनि अघि बढ्न सक्छ । डा. योगी विकाशानन्द ।

## सिर्जना स्तम्भ.........

सुन फल्ने ति पाखाहरु
बाँझै छन् ति खेतका आलीहरु ।
मातृभुमी छाडी ब्यर्थ आएछौं पदेशमा
बगाएर के पाउनु यहाँ पसिना पानी सरी ।
आफ्नै देशमा सुन फलाउने ती मालीहरु
पैसाको देखासिकी गर्न लागेछन् प्रदेशमा ।
किसानका सन्तान हामी आफ्नै देशमा बाँचौं
नेपाली हामै सबै छत्तिस जातका फुलबारी हौं।
देशले माग्दैछ मेहनती हातहरु
आफ्नै देशमा बगाउनुपर्छ पसिनाहरु ।
अर्काको देशमा बर्णन गरौं म कसरी
आफ्नै हालत बिग्रको छ देखाउँ म कसरी ।



इन्द्रणी संगालो यहाँलाई कस्तो लाग्दैछ ? कृपया हामीलाई सल्लाह र सुझाव दिनुहोला ।

## फोटो कलेक्शन



रामपुरमा तीत नाच्दै



इन्द्रणी टिम



एचआएभी शिक्षा दिँदै

## तीजगीत तथा नृत्य कार्यक्रम रामपुरमा सम्पन्न ।

इन्द्रेणी समाज केन्द्र नेपालले अन्तर्राट्रिय विकासका लागी अमेरिकी सहयोग नियोग (USAID), आर्थिक तथा प्राबिधिक सहयोगमा साथ साथ प्रोजेक्ट अन्तर्गत संचालित एचआईभी, यौनरोग रोकथाम उपचार तथा हेरचाह कार्यक्रम अन्तर्गत गत भाद्र २२ गते रामपुरमा तीज विशेष कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा रामपुर क्षेत्रका महिला दिदीबहीनीहरु तीज गितमा नाचेका थिए । कार्यक्रमको वीचवीचमा एचआइभी एड्स सम्बन्धी जानकारी गराईएको इन्द्रेणी समाज केन्द्र नेपालका सुचना अधिकृत नबराज शर्माले जानकारी गराउनुभयो । रामपुरको बेफाडबजारमा भएको सो कार्यक्रममा १०० जना बढीको सहभागिता रहेको थियो ।

*शोभाको कथा*

## बेलैमा एचआईभी परिक्षण गरेर ढुक्क भएँ ।

मेरो नाम शोभा हो र अहिले २१ बर्षकी भएँ । मेरो घर कुसुमखोला गा. बि. स. वडा नं. ४ नयाँटोला पाल्पामा पर्छ । मेरो बिबाह १७ बर्षको हुँदा भयो । हाल म संग २ बर्षकी छोरी छ । श्रीमान् रोजगारीका लागी भारत जाने आउने गर्नुहुन्छ । धेरै इच्छा भएपनि घरायसी समस्याले गर्दा पढाई अगाडी बढाउन पाईन । एचआईभी को बारेमा पहिले देखीनै सुनेको तथा स्कुल पढ्दा किताबमा पढेकी भएता पनि यसको बारेमा त्यति धेरै सोचेकी र चासो दिएकी थिईन ।

पाल्पा जिल्लामा इन्द्रेणी समाज केन्द्र नेपाल साथ साथ प्रोजेक्टले संचालन गरेको रोजगारका लागी नेपाल बाहिर जाने दाजुभाई तथा दिदीबहिनी र तिनका परिवारहरुका लागी यौनरोग, एचआईभी रोकथाम कार्यक्रम संचालन भएको कुरा इन्द्रेणी समाज केन्द्र नेपालका आउटरिच एजुकेटर नबराज शर्मा बाट थाहा पाएँ । मेरो श्रीमान् पनि रोजगारीका लागी भारत जाने आउने गर्नुहुन्थ्यो । त्यसैले मेरो मनमा पनि चिसो पस्नु स्वभाविक थियो । श्रीमान् संग फोनमा कुरा हुँदा एचआइभी एड्सको बारेमा जानकारी गराउन थालें । रेडियो कार्यक्रमले पनि एचआइभी एड्स र यौनरोगको बारेमा धेरै जानकारी दियो । गर्दा इन्द्रेणी समाज केन्द्र नेपाल, साथ साथ प्रोजेक्ट बाट पालुङ्गमैनादीमा संचालन भएको स्याटेलाईट क्लिनिकमा गएर मैले पनि यौनरोग र एचआईभीको परिक्षण गराएँ । मलाई एचआईभी तथा यौनरोगको संक्रमण रहेनछ । म ढुक्क भएर खुशी हुँदै घर फर्किएँ । श्रीमान् घर आएका बेला श्रीमान्लाई लिएर जँचाउन गएँ । एचआइभी संक्रमण भेटिएन । त्यसैले म र मेरो परिवार ढुक्क छौं । आजभोली गाउँका अरु दिदीवहिनीहरुलाई पनि आफ्नो एचआइभी तथा यौनरोग परिक्षणका लागी पठाउने गरेकी छु ।

## इन्द्रेणी डिआइसी व्यवस्थापन समितिको बैठक रामपुरमा सम्पन्न

इन्द्रेणी समाज केन्द्र, नेपाल साथ साथ प्रोजेक्टको एचआईभी, यौनरोग रोकथाम उपचार र हेरचाह कार्यक्रम अन्तर्गत मिति २१ भाद्र २०७२ गते रामपुरमा डिईसीका अध्यक्ष जानकी ढकालको अध्यक्षतामा डिआइसी व्यवस्थापन समितिको वैठक सम्पन्न भयो । वैठकमा १३ जना सदस्यहरुको सहभागीता रहेको थियो । डिआईसी अध्यक्ष, डिआईसी सदस्यहरु, इन्द्रेणी समाज केन्द्र नेपाल साथ-साथ प्रोजेक्टका सुचना व्यवस्थापन अधिकृत नवराज शर्मा, रामपुर नगरपालिकाका वासुदेव ढकाल, रामपुर अस्पतालका तिर्थ ढुङ्गाना लगायतको उपस्थिति रहेको वैठक साथ साथ प्रोजेक्टले संचालन गरेका गतिविधी, आगामी कार्ययोजना, सेवा सुदृढिकरण लगायतका वारेमा छलफल गर्ने उद्धेश्यले गरिएको थियो ।



तीज नाच्दै महिलाहरु



बाख्रा वितरण गर्दै